पत्र संख्याः- २.१.१७/०७६/०७७
चलानी नं.:- ४३६२

मितिः २०७७।०३।१३

विषयः नेपालको संशोधित निशान छाप प्रयोग सम्बन्धमा ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी :- तहाँ र मातहत निकायहरूमा समेत परिपत्र हुन
श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी :- तहाँ र मातहत निकायहरूमा समेत परिपत्र हुन
श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
श्री शिक्षक सेवा आयोग, सानोठिमी ।
श्री व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना, बुद्धनगर ।
श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी ।
श्री शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना, सानोठिमी :- तहाँ र मातहत निकायहरूमा समेत परिपत्र हुन
श्री राष्ट्रिय कितावखाना (शिक्षक), ताहाचल, काठमाडौ ।
श्री चिकित्सा शिक्षा आयोग, सानोठिमी ।
श्री विश्वविद्यालय अनुदान आयोग, सानोठिमी :- तहाँ र मातहत निकायहरूमा समेत परिपत्र हुन
श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी :- तहाँ र मातहत निकायहरूमा समेत परिपत्र हुन दिनुहुन
श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार ।
श्री नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, खुमल्टार ।

प्रस्तुत विषयमा नेपालको संविधानमा भएको दोस्रो संशोधनबाट संविधानको अनुसूची- ३ मा रहेको नेपालको निशान छाप संशोधित भएको व्यहोरा अवगतै छ । सो संशोधन २०७७ असार ४ गतेको नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ । नेपालको निशान छाप प्रयोग हुने सम्पूर्ण लिखित, पत्राचार, सूचना, वेभसाइट तथा कामकारबाहीमा सो बमोजिमको निशान छाप प्रयोग गर्नुहुन एवं तहाँ अन्तर्गतका निकायहरूमा समेत सो बमोजिम गर्ने गराउने व्यवस्था गराउनुहुन अनुरोध छ भनी गृह मन्त्रालय (कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा) को च.नं. ९५० मिति २०७७।०३।०५ को पत्रबाट लेखी आएको हुँदा सो बमोजिम नेपालको संशोधित निशान छाप प्रयोग गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ । साथै मिति २०७७ असार ४ गतेको नेपाल राजपत्रको प्रतिलिपि यसैसाथ संलग्न छ ।

बलदेव भण्डारी
शाखा अधिकृत

**बोधार्थ तथा कार्यार्थः**
श्री गृह मन्त्रालय, सिंहदरबार ।
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा : **वेभ साइटमा अपलोड हुन ।**

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार ४ गते, २०७७ साल (अतिरिक्ताङ्क ११

## भाग १

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सङ्घीय संसदले जारी गरेको तल लेखिए बमोजिमको नेपालको संविधान (दोस्रो संशोधन), २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### नेपालको संविधानको दोस्रो संशोधन

**प्रस्तावना** : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो संशोधन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७७" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपालको संविधानको अनुसूची-३ मा संशोधन** : नेपालको संविधानको धारा ९ को उपधारा (२) सँग सम्बन्धित अनुसूची-३ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-३ राखिएको छ ।

"अनुसूची-३

(धारा ९ को उपधारा (२) सँग सम्बन्धित)

<u>नेपालको निशान छाप</u>



<u>द्रष्टव्य</u> :यो निशान छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा नेपाल सरकारबाट निर्धारित रंगको प्रयोग हुनेछ ।"

**आज्ञाले,**
**ऋषि राजभण्डारी**
**नेपाल सरकारको सचिव ।**

प्रमाणीकरण मितिः २०७७।३।४



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**